# बारबर्दिया नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## जयनगर, बर्दिया

मिति: २०७४।११।२९

सूचना !　　　　सूचना !!　　　　सूचना !!!

**विषय: निशु:ल्क जग्गा उपलब्ध गराउने बारेको सार्वजनिक सुचना ।**

यस नगरपालिका अर्न्तगत वडा नं ४ अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र कार्यालय भवन निर्माण कार्य गर्नका लागि जग्गा आवश्यक परेको हुनाले कार्यपालिकाको मिति २०७४।११।१२ को निर्णयानुसार देहायबमोजिमको क्षेत्रभित्र पर्ने गरी एउटै प्लटमा १० कठ्ठा जग्गा निशुल्क दान दिन चाहनु हुने जग्गादाताहरुका लागि यो ३० दिने सुचना प्रकासित गरिएको छ ।

शर्तहरु:

१. दिइने जग्गा बारबर्दिया नगरपालिका वडा नं ४ अर्न्तगत घोरपिट्टाको १ कि.मी वरिपरिको क्षेत्रमा हुनुपर्नेछ ।

२. सो जग्गा एक वा एक भन्दा बढी व्यक्तिहरुको भएपनि एउटै प्लट हुने गरी दिन कम्तिमा १० कठ्ठा हुने गरी दिन सकिनेछ ।

३. उपलब्ध गराइने जग्गा सार्वजनिक बाटो सँग जोडिएको हुनुपर्नेछ ।

४. जग्गादाताहरुको कुनै शर्तहरु भए जस्तै जग्गादाताको वा आफन्तको शिलालेख, ताम्रपत्र वा कुनै भागमा शालिक राख्न चाहेमा नगरपालिकामा प्रस्ताव राख्न सकिनेछ र उक्त विषय नगरकार्यपालिकाले निर्णय बमोजिम गरिनेछ ।

५. निशु:ल्क जग्गा उपलब्ध गराउन चाहने जग्गादाताले नेपाली नागरिकताको प्रमाणपत्र र जग्गाधनी पुर्जाको प्रतिलिपी सहितको खामवन्दी निवेदन यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र नगरकार्यपालिकाको कार्यालय जयनगर वा वडा कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ ।

६. यो सुचना प्रकासन भई जग्गा प्राप्ती नभएपछि नगरपालिकाले जग्गा प्राप्ति गर्ने अन्य प्रकिया अवलम्बन गर्नेछ ।

७. निशुल्क जग्गा दिन चाहने व्यक्तिहरुको निवेदन प्राप्त भएपछि जग्गा स्विकार गर्ने वा नगर्ने वा घटी बढी स्विकार गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

प्रमुख प्रशासकिय अधिकृत
बारबर्दिया नगरकार्यपालिका कार्यालय